# राष्ट्रिय मानव अधिकार आयोग

केन्द्रीय कार्यालय, हरिहरभवन, ललितपुर

## सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशित त्रैमासिक कार्यसम्पादन विवरण

(२०७८ वैशाखदेखि २०७८ असार मसान्तसम्म केन्द्रीय कार्यालयबाट सम्पादन गरिएका प्रमुख क्रियाकलापहरू)

प्रकाशन गर्ने


दुर्गा पोखरेल
सहायक सूचना अधिकारी

सोमनाथ सुवेदी
सूचना अधिकारी

## १. आयोगको स्वरूप र प्रकृति :

मानव अधिकार आयोग ऐन, २०५३ बमोजिम २०५७ जेठ १३ मा स्थापना भएको राष्ट्रिय मानव अधिकार आयोगले नेपालको अन्तरिम संविधान, २०६३ बाट संवैधानिक हैसियत प्राप्त गरेको हो । नेपालको वर्तमान संविधानले समेत आयोगलाई संवैधानिक हैसियत प्रदान गरेको छ । नेपालको संविधानको धारा २४८ र २४९ मा राष्ट्रिय मानव अधिकार आयोगसम्बन्धी व्यवस्था रहेको छ ।

नेपालको संविधानको धारा २४८ अनुसार आयोगमा अध्यक्ष १ र अन्य ४ जना सदस्य गरी पाँच जना रहने व्यवस्था छ । राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने व्यवस्था छ । राष्ट्रिय मानव अधिकार आयोगको अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुन्छ ।

राष्ट्रिय मानव अधिकार आयोग एक स्वक्रियाशील तथा पीडितमुखी संस्था हो । आयोगका सम्पूर्ण क्रियाकलापहरू मानव अधिकारको संरक्षण र संवर्द्धनसँग सम्बन्धित हुन्छन् । मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि आयोगले सरकार, राज्यका अन्य अङ्गहरू तथा नागरिक समाजसँग सहकार्य गर्दछ ।

## २. आयोगको काम, कर्तव्य र अधिकार :

मानव अधिकारको संरक्षण र संवर्द्धन आयोगको प्रमुख कार्य हो । नेपालको संविधानको धारा २४९ मा आयोगको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ । यस्तै राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ४ मा समेत आयोगका काम, कर्तव्य र अधिकारको उल्लेख गरी आयोगको काम, कर्तव्य र अधिकारलाई थप स्पष्ट गरिएको छ । नेपालको संविधानको धारा २४९ मा उल्लेख भएअनुसार आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेको छ :

**(१)** मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ ।

**(२)** उपधारा (१) मा उल्लिखित कर्तव्य पूरा गर्न लागि राष्ट्रिय मानव अधिकार आयोगले देहाय बमोजिमका काम गर्नेछ :-

(क) कुनै व्यक्ति वा समूहको मानव अधिकार उल्लङ्घन वा त्यसको दुरूत्साहन भएकोमा पीडित आफैं वा निजको तर्फबाट कसैले आयोगसमक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजुरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको वा आयोगको जानकारीमा आएको विषयमा छानबिन तथा अनुसन्धान गरी दोषी उपर कारबाही गर्न सिफारिस गर्ने,

(ख) मानव अधिकारको उल्लङ्घन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो

जिम्मेवारी पूरा नगरेमा वा कर्तव्य पालन नगरेमा वा जिम्मेवारी पूरा गर्न वा कर्तव्य पालन गर्न उदासीनता देखाएमा त्यस्तो पदाधिकारीउपर विभागीय कारबाही गर्न सम्बन्धित अधिकारी समक्ष सिफारिस गर्ने,

(ग) मानव अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरूद्ध मुद्दा चलाउनु पर्ने आवश्यकता भएमा कानूनबमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने,

(घ) मानव अधिकारको चेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,

(ङ) मानव अधिकारको उल्लङ्घनकर्तालाई विभागीय कारबाही तथा सजाय गर्न कारण र आधार खुलाई सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने,

(च) मानव अधिकारसँग सम्बन्धित कानूनको आवधिक रूपमा पुनरावलोकन गर्ने तथा त्यसमा गर्नु पर्ने सुधार तथा संशोधनका सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(छ) मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्नु पर्ने भएमा त्यसको कारणसहित नेपाल सरकारलाई सिफारिस गर्ने र नेपाल पक्ष बनिसकेका सन्धि वा सम्झौताको कार्यान्वयन भए वा नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा त्यसको कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ज) मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिस वा निर्देशन पालन वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानूनबमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा अभिलेख राख्ने ।

**(३)** मानव अधिकार आयोगले आफ्नो कार्य सम्पादन गर्दा वा कर्तव्य पालन गर्दा देहायबमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ :-

(क) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई जानकारी वा बयान लिने वा बकपत्र गराउने, प्रमाण बुझ्ने, दसी-प्रमाण दाखिला गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार प्रयोग गर्ने,

(ख) मानव अधिकारको गम्भीर उल्लङ्घन हुन लागेको वा भइसकेको सूचना आयोगले कुनै किसिमबाट प्राप्त गरेमा कुनै व्यक्ति वा निजको आवास वा कार्यालयमा विनासूचना प्रवेश गर्ने, खानतलासी लिने तथा त्यसरी खानतलासी लिँदा मानव अधिकारको उल्लङ्घनसँग सम्बन्धित लिखत, प्रमाण वा सबुत कब्जामा लिने,

(ग) कुनै व्यक्तिको मानव अधिकार उल्लङ्घन भइरहेको कुरा जानकारी भई तत्काल कारबाही गर्नुपर्ने आवश्यक देखिएमा विनासूचना सरकारी कार्यालय वा अन्य ठाउँमा प्रवेश गर्ने र उद्धार गर्ने,

(घ) मानव अधिकारको उल्लङ्घनबाट पीडितलाई कानूनबमोजिम क्षतिपूर्ति दिन आदेश दिने ।

(४) राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार सो आयोगको अध्यक्ष, कुनै सदस्य वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(५) राष्ट्रिय मानव अधिकार आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि सङ्घीय कानूनबमोजिम हुनेछ ।

## २.१ आयोगका पदाधिकारीहरु :

माननीय श्री तप बहादुर मगर - अध्यक्ष

माननीय श्री डा.सूर्य प्रसाद शर्मा ढुंगेल - सदस्य

माननीय श्री मिहिर ठाकुर - सदस्य

माननीय श्री मनोज दुवाडी - सदस्य

माननीय श्री लिली थापा - सदस्य

## २.२ आयोगका पदाधिकारीहरुको कार्यविभाजन :

| **मा. श्री तप बहादुर मगर** (अध्यक्ष) | **मा. श्री डा.सूर्य प्र. शर्मा ढुंगेल** (सदस्य) | **मा. श्री मिहिर ठाकुर** (सदस्य) | **मा. श्री मनोज दुवाडी** (सदस्य) | **मा. श्री लिली थापा** (सदस्य) |
|---|---|---|---|---|
| -अर्थ, प्रशासन<br><br>-संवैधानिक निकाय<br><br>-दातृ निकाय र अन्तर्राष्ट्रिय सम्बन्ध<br><br>-कार्य विभाजनमा नपरेका सबै विषय | -सामूहिक अधिकारहरु<br><br>-सङ्क्रमणकालीन न्याय<br><br>-नागरिक समाजसँग सहकार्य<br><br>-UPR, SDGs सम्बन्धी | -रणनीति, योजना र कार्यान्वयन<br><br>-अनुगमन सम्बन्धी<br><br>-उपभोक्ता, व्यवसाय र मानव अधिकार | -अनुसन्धान<br><br>-आयोगको सिफारिस कार्यान्वयन<br><br>-कानून पुनरावलोकन, परामर्श र वातावरण सम्बन्धी | -प्रवर्द्धन, मानव अधिकार शिक्षा<br><br>-सन्धि अनुगमन र सरकारी निकायसँग सम्बन्ध<br><br>-महिला, बालबालिका र आप्रवासन<br><br>-मानव बेचविखन विरुद्धको विषय |

## ३. आयोगमा रहने कर्मचारी सङ्ख्या र कार्य विवरण :

आयोगको केन्द्रीय कार्यालयका अतिरिक्त ६ वटा प्रदेश कार्यालय, ३ वटा प्रदेश शाखा कार्यालय र एउटा प्रदेश कार्यालय (प्रस्तावित) मा गरी जम्मा ३०९ जना कर्मचारीको दरबन्दी रहको छ । दरबन्दी विवरण तथा पदपूर्तिको अवस्था निम्नबमोजिम छ :

| क्र.सं. | श्रेणी/तह | पद | जम्मा दरवन्दी | पदपूर्ति सङ्ख्या |
|---|---|---|---|---|
| १ | विशिष्ट श्रेणी | सचिव | १ | - |
| २ | रा.प. प्रथम श्रेणी | सह-सचिव | ९ | ६ |
| ३ | रा.प. द्वितीय श्रेणी | उप-सचिव | २० | १५ |
| ४ | रा.प. तृतीय श्रेणी | अधिकृत | १०७ | ७७ |
| ५ | सहायक प्रथम | सहायक प्रथम | ५८ | ३२ |
| ६ | श्रेणीविहीन | सहायक कर्मचारी | ११४ | ९८ |
| **जम्मा** | | | **३०९** | **२२८** |

### आयोगको साङ्गठनिक संरचना :

राष्ट्रिय मानव अधिकार आयोगको सबैभन्दा माथिल्लो निकाय ५ जना पदाधिकारी रहेको आयोग हो । जसमा १ अध्यक्ष र ४ सदस्यसहित ५ जना पदाधिकारीहरू रहन्छन् । प्रशासनिक प्रमुखको रुपमा एकजना सचिव रहने आयोगमा सचिव मातहत ४ वटा विभाग, ६ वटा प्रदेश कार्यालय र ३ वटा प्रदेश शाखा कार्यालय छन् भने विभाग अन्तर्गत १४ वटा महाशाखा र मानव अधिकार प्रशिक्षण प्रतिष्ठान रहेका छन् ।

### आयोगका विभागहरू :

**१. संरक्षण विभाग** :

यस विभाग अन्तर्गत अनुसन्धान महाशाखा, अनुगमन महाशाखा, अन्तर्राष्ट्रिय सन्धि अनुगमन महाशाखा र कानून महाशाखा रहेका छन् ।

**२. संवर्द्धन विभाग** :

यस विभाग अन्तर्गत संवर्द्धन महाशाखा, सामूहिक अधिकार महाशाखा र लैङ्गिक तथा सामाजिक समावेशीकरण महाशाखा रहेका छन् ।

**३. प्रशासन, योजना तथा अर्थ विभाग** :

यस विभाग अन्तर्गत योजना, नीति तथा आन्तरिक मूल्याङ्कन महाशाखा, प्रशासन महाशाखा र आर्थिक प्रशासन महाशाखा र अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखा रहेका छन् ।

**४. समन्वय विभाग :**
यस विभाग अन्तर्गत वैठक समन्वय महाशाखा, प्रदेश कार्यालय समन्वय महाशाखा, सञ्चार, सूचना प्रविधि, प्रतिवेदन, प्राज्ञिक अनुसन्धान तथा प्रकाशन महाशाखा र  मानव अधिकार प्रशिक्षण प्रतिष्ठान रहेका छन् ।

## (अ) महाशाखाहरुले सम्पादन गर्ने कार्यहरू :

**(क) कानून महाशाखा**

- कानून पुनरावलोकनसम्बन्धी कार्य गर्ने,
- मानव अधिकारसम्बन्धी महत्वपूर्ण निर्णय प्रकाशन गर्ने
- आयोगलाई विपक्षी बनाई दर्ता भएका मुद्दामा बहस-पैरवी गर्ने,
- आवश्यक कानूनी मस्यौदा तयार गर्ने,
- कानूनी परामर्श प्रदान गर्ने,
- आयोगले तोकेका कानूनसम्बन्धी अन्य कार्यहरू गर्ने ।

**(ख) अन्तर्राष्ट्रिय सन्धि अनुगमन महाशाखा**

- अन्तर्राष्ट्रिय महासन्धि कार्यान्वयन अवस्थाको अनुगमन गर्ने,
- मानव अधिकार राष्ट्रिय कार्ययोजनासम्बन्धी अनुगमन गर्ने,
- विश्वव्यापी आवधिक समीक्षासम्बन्धी अनुगमन गर्ने,
- महासन्धि अनुमोदनको लागि आयोगले गर्ने सिफारिससम्बन्धी कार्य गर्ने,
- राज्यले तयार गरेको State Report  उपर सुझाव तयार गर्ने,
- मानव अधिकारको समग्र अवस्थाको अनुगमन गर्ने ।

**(ग) अनुसन्धान महाशाखा**

- मानव अधिकार उल्लङ्घनसम्बन्धी उजूरी ग्रहण गर्ने,
- मानव अधिकार उल्लङ्घनका घटनामा अनुसन्धान/अनुगमन गर्ने,
- अनुसन्धान सम्पन्न भइसकेका उजुरीहरु निर्णयार्थ आयोगमा पेश गर्ने,
- निर्णय लेखन गर्ने,
- मानव अधिकार उल्लङ्घनका सम्बन्धमा आयोगको निर्णयबमोजिम पत्राचार/ताकेता  गर्ने,
- उजुरी, कारवाहीसम्बन्धी अन्य कार्यहरू गर्ने ।

**(घ) संवर्द्धन महाशाखा**

- मानव अधिकार शिक्षासम्बन्धी गर्ने,
- मानव अधिकारसम्बन्धी चेतनामूलक कार्यक्रम  गर्ने,
- मानव अधिकारसम्बन्धी वकालतको कार्य गर्ने,
- मानव अधिकारका विषयमा सूचनामूलक/शिक्षामूलक सामग्रीको निर्माण तथा वितरण गर्ने,
- मानव अधिकारसँग सम्बन्धित सङ्घ-संस्थाहरूसँग समन्वय/सहकार्यसम्बन्धी कार्य गर्ने ।

**(ङ) लैङ्गिक तथा सामाजिक समावेशीकरण महाशाखा**

- लैङ्गिक तथा समाजिक विभेद हटाउन पहल गर्ने,

- महिलाको मानव अधिकारको अवस्थाबारे बहस पैरट ागर्ने,
- राज्यका हरेक तहमा महिला तथा अन्य सीमान्तीकृत समुदायको सहभागितामा अभिवृद्धि गर्न पहल गर्ने,
- महिला विरूद्ध हुने हिंसा तथा सीमान्तीकृत समुदायको मानव अधिकार हनन् विरूद्धमा कार्य गर्ने,
- महिला र पछाडि पारिएका समुदायको न्यायमा पहुँच वृद्धि गर्ने,
- महिला तथा समाजिक रूपमा पछाडि पारिएका समुदायको क्षेत्रमा काम गर्ने सङ्घ-संस्थासँग सहकार्य समन्वय गर्ने ।

**(च) सामूहिक अधिकार महाशाखा**

- सामूहिक अधिकार (आदिवासी जनजाति, अल्पसङ्ख्यक, जेष्ठ नागरिक, मानसिक स्वास्थ्य, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, HIV प्रभावित आदि...) को प्रवर्द्धनका लागि गोष्ठी अन्तरक्रिया, छलफल, कार्यशाला तथा प्रशिक्षण गर्ने,
- सामूहिक अधिकारको अवस्थाका सम्बन्धमा अनुगमन गर्ने,
- सामूहिक अधिकारको संरक्षण र सम्वर्द्धनका लागि आवश्यक कार्यहरू गर्ने,
- कानून महाशमखासँगको समन्वयमा सामूहिक अधिकारको सुनिश्चितताका लागि कानून पुनरावलोकनसम्बन्धी आवश्यक कार्य गर्ने ।

**(छ) योजना, नीति तथा आन्तरिक मूल्याङ्कन महाशाखा**

- रणनीतिक योजना निर्माण गर्ने,
- वार्षिक कार्यक्रम र योजना तयार गर्ने,
- कार्ययोजना कार्यान्वयन अनुगमन र मूल्याङ्कन गर्ने,
- चौमासिक प्रगति प्रतिवेदन तयार गर्ने,
- प्रगति समीक्षा कार्यक्रम गर्ने,
- कार्यक्रम र योजनाका सम्बन्धमा योजना आयोग र अर्थ मन्त्रालयसँग समन्वय गर्ने,
- आयोगको नीति तर्जुमा गर्ने ।

**(ज) प्रशासन महाशाखा**

- आयोगको जनशक्ति व्यवस्थापनसम्बन्धी कार्य गर्ने,
- कार्यालय व्यवस्थापन र सरसफाइसम्न्धी कार्य गर्ने, गराउने,
- सार्वजनिक खरिदसम्बन्धी कार्य गर्ने,
- आयोग अन्तर्गतका भौतिक साधनहरूको अनुगमन तथा निरीक्षण गर्ने र आवश्यकतानुसार मर्मत सम्भार तथा रेखदेख गर्ने, गराउने,
- आयोगको सवारी व्यवस्थापनसम्बन्धी कार्य गर्ने,
- दैनिक र भैपरी आउने अन्य कामहरू गर्ने ।

**(झ) आर्थिक प्रशासन महाशाखा**

- आयोगको वार्षिक बजेट निर्माण गर्ने,
- बजेट बाँडफाँड तथा अख्तियारी प्रदानसम्बन्धी कार्य गर्ने,

- आर्थिक कारोवारको लेखा राख्ने तथा आर्थिक प्रतिवेदन तयार गर्ने,
- आन्तरिक तथा अन्तिम लेखापरीक्षण र वेरूजु फछ्र्यौटसम्बन्धी कार्य गर्ने,
- दातृ संस्थाबाट आएको बजेटको छुट्टै हिसाव तथा आर्थिक प्रतिवेदन तयार गर्ने,
- आर्थिक अनुशासन कायम गर्ने,
- वित्तीय स्रोत तथा असरसम्बन्धी अभिलेखन गर्ने ।

**(ञ) अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखा**

- अन्तर्राष्ट्रिय सम्बन्धसम्बन्धी काम  गर्ने,
- APF, UN Agencies र मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सङ्घ-संस्थासँग समन्वय गर्ने,
- कुटनीतिक नियोगसँग आवश्यक समन्वय गर्ने ।

**(ट) सञ्चार, सूचना प्रविधि, प्रतिवेदन, प्राज्ञिक अनुसन्धान तथा प्रकाशन महाशाखा**

- आयोगका सूचनालाई सञ्चार माध्यम समक्ष पु्याउने,
- प्रेस विज्ञप्ति/ प्रेस नोट  तयार गर्ने,
- पत्रकार सम्मेलनको तयारी गर्ने,
- मानव अधिकारपत्र सम्पादन गर्ने,
- मानव अधिकारसम्बन्धी समाचारको अनुगमन गर्ने,
- Server System र कम्प्युटर मर्मत गर्ने,
- आयोगका Facebook, Twitter, Website Update गर्ने,
- आयोगका कर्मचारीहरूको विद्युतीय हाजिरीको रेकर्ड राख्ने,
- आयोगका प्रकाशनमा डिजाइन तथा लेआउटका सम्बन्धमा सहयोग गर्ने,
- सूचना प्रविधिसम्बन्धी नीति र योजनाको निर्माण तथा कार्यान्वयन गर्ने,
- CMRS प्रणाली सञ्चालनसम्बन्धी कार्य गर्ने,
- आयोगको वार्षिक प्रतिवेदन तयार गर्ने,
- मानव अधिकारसम्बन्धी विषयगत प्रतिवेदनमा आवश्यक कार्य गर्ने,
- आयोगबाट प्रकाशन हुने अन्य प्रकाशनहरुसम्बन्धी कार्य गर्ने ।

**(ठ) प्रदेश कार्यालय समन्वय महाशाखा**

- केन्द्र, प्रदेश तथा प्रदेश शाखा कार्यालयबिच समन्वय  गर्ने,
- प्रदेश तथा प्रदेश शाखा कार्यालयको मासिक प्रतिवेदन सङ्कलन र विश्लेषण  गर्ने,
- केन्द्र, प्रदेश तथा प्रदेश शाखा कार्यालयबिच कार्य सम्पादनमा सहजता ल्याउन सहयोग पु्याउने ।

**(ड) वैठक समन्वय महाशाखा**

- मानव अधिकार आयोगका सिफारिस कार्यान्वयनका लागि पहल गर्ने,
- आन्तरिक र बाह्य समन्वय गर्ने,
- आयोगको वैठकका प्रस्ताव तथा माइन्यूट तयार गर्न सचिवालयलाई सहयोग गर्ने ।

## ४. आयोगबाट प्रदान गरिने सेवा :

- मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा उजुरी लिने, अनुसन्धान गर्ने, दोषीलाई कारवाही र पीडितलाई क्षतिपूर्तिका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,
- मानव अधिकार अवस्थाको अनुगमन गर्ने र अनुगमनबाट देखिएका तथ्यको आधारमा सुधार गर्नुपर्ने पक्षहरूबारे नेपाल सरकारलाई सिफारिस गर्ने,
- तालिम, गोष्ठी, अन्तरक्रियाका माध्यमबाट मानव अधिकार शिक्षा प्रवर्द्धन गर्ने,
- मानव अधिकारसम्बन्धी कानूनहरूको पुनरावलोकन गरी सुधारका लागि सिफारिस गर्ने,
- नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूको कार्यान्वयन अवस्थाको अनुगमन गरी प्रभावकारी कार्यान्वयका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,
- मानव अधिकारसम्बन्धी अन्य कार्यहरू गर्ने ।

## ५. आयोगका विभागीय प्रमुख/ महाशाखा प्रमुखहरु

| सि.नं. | विभाग/ महाशाखा | प्रमुखको नाम | पद |
|---|---|---|---|
| १ | समन्वय विभाग | - | - |
| २ | प्रशासन, योजना तथा अर्थ विभाग | डा. टीकाराम पोखरेल | सह-सचिव |
| ३ | संरक्षण विभाग | दीपकजंगध्वज कार्की | सह-सचिव |
| ४ | संवर्द्धन विभाग | नवराज सापकोटा | सह-सचिव |
| ५ | अनुसन्धान महाशाखा | लोकनाथ बास्तोला | उप-सचिव |
| ६ | अन्तर्राष्ट्रिय सन्धि अनुगमन महाशाखा | मञ्जु खतिवडा | उप-सचिव |
| ७ | अनुगमन महाशाखा | - | - |
| ८ | सामूहिक अधिकार महाशाखा | हरिप्रसाद ज्ञवाली | उप-सचिव |
| ९ | योजना, नीति तथा आन्तरिक मूल्याङ्कन महाशाखा | पवन भट्ट | उप-सचिव |
| १० | वैठक समन्वय महाशाखा | मायादेवी शर्मा | उप-सचिव |
| ११ | कानून महाशाखा | सोमनाथ सुवेदी | उप-सचिव |
| १२ | लैङ्गिक तथा सामाजिक समावेशीकरण महाशाखा | रेगम महर्जन | मा.अ.अ. |
| १३ | प्रशासन महाशाखा | घनश्याम भण्डारी | मा.अ.अ. |
| १४ | आर्थिक प्रशासन महाशाखा | जितेन्द्र कार्की | लेखा अधिकृत |
| १५ | संवर्द्धन महाशाखा | दीपेन्द्रबहादुर सिंह | मा.अ.अ. |
| १६ | सञ्चार, सूचना प्रविधि, प्रतिवेदन, प्राज्ञिक अनुसन्धान तथा प्रकाशन महाशाखा | कैलाश कुमार शिवाकोटी | मा.अ.अ. |
| १७ | अन्तर्राष्ट्रिय सम्बन्ध महाशाखा | कमल थापा क्षेत्री | मा.अ.अ. |

| | | | |
|---|---|---|---|
| १८ | प्रदेश कार्यालय समन्वय महाशाखा | रमेशकुमार थापा | मा.अ.अ. |
| १९ | मानव अधिकार प्रशिक्षण प्रतिष्ठान | - | - |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :

- १० पेजसम्मको सूचना निःशुल्क प्राप्त हुने र सोभन्दा माथि भएमा प्रति पेज रू. ५/- (पाँच) दस्तुर लाग्ने,
- सूचनाको प्रकृति हेरी बढीमा १५ दिनसम्मको अवधि लाग्ने,
- आयोगका प्रकाशनहरू निःशुल्क वितरण हुने,
- सूचना बाहेक अन्य प्रकृतिका सेवा प्राप्त गर्ने अवधि कामको प्रकृतिअनुसार फरक-फरक हुने ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी :

- आयोगमा परेका उजूरीका सम्बन्धमा अनुसन्धानपश्चात् आयोगबाट निर्णय हुने,
- नेपाल सरकारलाई गरिने सिफारिसहरूका सम्बन्धमा आयोगले निर्णय गर्ने,
- नीतिगत विषयमा आयोगबाट र प्रशासनिक तथा आर्थिक विषयमा सचिवबाट निर्णय हुने ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी :

- नीतिगत तहमा माननीय अध्यक्ष श्री तप बहादुर मगर
- प्रशासनिक तहमा का.मु. सचिव श्री मुरारीप्रसाद खरेल

## ९. सम्पादन गरिएका कामको विवरण : (२०७८/१/१ देखि २०७८/३/३१ सम्म)

### ९.१. अनुसन्धानसम्बन्धी कार्यहरू :

**१) आ. व. २०७७/०७८ को कार्यालयगत निर्णयको विवरण (आयोयमा नयाँ पदाधिकारीहरु आएपश्चात) :**

| कार्यालय | सिफारिस | | तामेली | खारेज | जम्मा फछ्र्यौट | पुनः पेश गर्ने | जम्मा निर्णय |
|---|---|---|---|---|---|---|---|
| | नीतिगत | उजुरीगत | | | | | |
| केन्द्रीय कार्यालय | | १ | १ | १ | ३ | - | ३ |
| प्र. का.विराटनगर | १ | २ | १२ | | १५ | ४ | १९ |
| प्र. का. जनकपुर | - | ३ | ३९ | १ | ४३ | २५ | ६८ |
| प्र. का सानेपा | - | १ | ४९ | २ | ५२ | ७ | ५९ |
| प्र. का. पोखरा | - | २ | ११ | - | १३ | - | १३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्र. का. बुटवल | - | - | १६ | - | १६ | १ | १७ |
| प्र. का. धनगढी | - | - | २३ | - | २३ | २ | २५ |
| प्र. शा. का. नेपालगञ्ज | - | - | - | - | - | - | |
| प्र. शा का. जुम्ला | - | - | - | - | - | - | - |
| प्र. शा. का. खोटाङ | १ | ३ | १५ | | १९ | ३ | २२ |
| जम्मा निर्णय : | २ | १२ | १६६ | ४ | १८४ | ४२ | २२६ |

## २) आयोगबाट भएका निर्णयहरुको मासिक विवरण (आ. व.२०७७/२०७८) :

| महिना | सिफारिस | | तामेली | खारेज | जम्मा फछ्र्यौट | पुन पेश गर्ने | जम्मा निर्णय |
|---|---|---|---|---|---|---|---|
| | नीतिगत | उजुरीगत | | | | | |
| २०७७ असोज | – | ४ थान | १ थान | – | ५थान | ५ थान | १० थान |
| २०७७ माघ | – | – | – | – | – | १ थान | १ थान |
| २०७७ चैत्र | १ थान | ९ थान | १०० थान | २ थान | ११२ थान | ३४ थान | १४६ थान |
| २०७८ बैशाख | १ थान | ३ थान | १४ थान | - | १८ थान | ४ थान | २२ थान |
| २०७८ असार | – | - | ५२ थान | २ थान | ५४ थान | ३ थान | ५७ थान |
| जम्मा निर्णय : | २ थान | १६ थान | १६७ थान | ४ थान | १८९ थान | ४७ थान | २३६ थान |

## ९.२. अन्तर्राष्ट्रिय सन्धि अनुगमनसम्बन्धी कार्यहरू

- कोभिड-१९ महामारीको समयमा विद्यालयहरुले स्वास्थ्य मापदण्ड पालना गरे-नगरेको विषयमा र बालबालिकाहरुको समग्र स्वास्थ्यको अधिकारका सम्बन्धमा भक्तपुर, काठमाडौं र ललितपुर जिल्लाका विद्यालयहरुको स्थलगत अनुगमन गरेको ।
- कोरोना महामारीबाट सङ्क्रमितहरुको मानव अधिकार संरक्षण गर्ने उद्देश्यले ललितपुर जिल्लाका आइसोलेशन सेन्टरहरुको अनुगमन गरेको ।

- कोरोना महामारीको दोस्रो लहरका कारण उत्पन्न परिस्थितिको सन्दर्भमा नागरिकको मानव अधिकार अवस्थाका सम्बन्धमा दैनिक रुपमा सञ्चार माध्यमहरुको अनुगमन गरी प्रतिवेदन तयार गरेको ।
- आदिवासी जनजाति महिला मञ्चको आयोजनामा आदिवासी जनजाति महिलाहरुको अधिकार सम्बन्धमा आयोजित छलफल र सिविन नेपालद्वारा आयोजित बालबालिकाको अनलाइन सुरक्षा विषयक उच्चस्तरीय छलफल कार्यक्रममा सहभागी भएको ।
- महामारीको समयमा कैदीबन्दीहरुको स्वास्थ्यको अधिकार संरक्षण गर्न सरोकारवाला निकायहरुको ध्यानाकर्षण गराउने उद्देश्यले केन्द्रीय कारागारको स्थलगत अनुगमन गरी प्रतिवेदन तयार गरेको ।
- कोभिड-१९ ले पारेको प्रभाव र कोरोना विरुद्धको खोपको उपलब्धताका सम्बन्धमा काभ्रेपलाञ्चोक जिल्लाको स्थलगत अनुगमन गरेको ।
- यौनजन्य हिंसाबाट पीडित बालिकाको अवस्थाबारे अनुगमन गरेको ।
- काठमाडौँको बबरमहलकी सरस्वती प्रधानले जातीय विभेद गरी रुपा सुनुवारलाई घर भाडामा नदिएको भन्ने घटनाका सम्बन्धमा पक्राउ परेकी प्रधानलाई रिहा गर्नुका आधारहरु र उक्त घटनाको अनुसन्धान प्रगतिबारे जानकारी लिने उद्देश्यले अनुगमन गरेको ।
- कोभिड-१९ महामारीको सन्दर्भमा मानव अधिकार संरक्षण कार्यविधि २०७८ का सम्बन्धमा अन्य आयोगका प्रतिनिधि र मानव अधिकारसँग प्रत्यक्ष सरोकार राख्ने सरोकारवालाहरुलाई जानकारी दिने उद्देश्यले भर्चुअल छलफल एवं अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको ।

## ९.३. संवर्द्धनात्मक कार्यहरू:

- कोभिड-१९ महामारीमा उपभोक्ताको मानव अधिकारको अवस्था र सरोकारवालाहरुको भूमिका विषयक भर्चुअल अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको ।
- राष्ट्रिय मानव अधिकार आयोगको २१ औँ वार्षिक उत्सव तथा २२ औँ स्थापना दिवससम्बन्धी कार्यक्रम सञ्चालन गरेको ।

## ९.४. लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यहरू:

- कोभिड-१९ का कारण भएको बन्दाबन्दीको समयमा महिला, बालबालिका र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरुको मानव अधिकार अवस्थाका सम्बन्धमा अनलाइन सञ्चार माध्यमको अनुगमन गरेको ।
- बाल अधिकारसँग सम्बन्धित सामग्री प्रकाशन गर्नका लागि बाल अधिकारसँग सम्बन्धित राष्ट्रिय तथा अर्न्तराष्ट्रिय कानूनी व्यवस्थाहरुको अध्ययन गरी जानकारी पत्र तयार गरेको ।
- बाल अधिकारका सम्बन्धमा गरिएको कार्यक्रममा सहभागी भई सुझाव प्रदान गरेको ।

- लमजुङ जिल्लामा शिक्षकबाट यौन हिंसामा परेकी १४ वर्षीया बालिकालाई बाल अधिकार संस्थाहरु समेतको समन्वयमा उद्धार गरी काठमाडौं ल्याउन पहल गरेको र सो घटनाका सम्बन्धमा महिला आयोग तथा बाल अधिकार परिषद् समेतको समन्वयमा संयुक्त अनुगमन गरेको ।
- आयोगले जारी गरेको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको कार्यान्वयन स्वरुप आयोगको केन्द्रीय कार्यालय एवम् प्रदेश तथा प्रदेश शाखा कार्यालयहरुमा महिला कर्मचारीहरुको लागि महिनावारी भएको समयमा प्रयोग गरिने इमर्जेन्सी स्यानिटरी प्याड उपलब्ध गराउन SPSP परियोजनाको सहयोगमा कार्यालय परिसरमा Vending machine सञ्चालनमा ल्याइएको ।

## ९.५ योजना तथा नीतिसम्बन्धी कार्यहरू :

- आयोगको छैठौं रणनीतिक योजना निर्माणका क्रममा विभिन्न सरकारी निकाय, संघ, प्रदेश तथा स्थानीय तह, नेपाल उद्योग वाणिज्य संघ, व्यवसायिक क्षेत्र, नेपाल बार एसोसिएसन, नेपाल पत्रकार महासंघ, गैरसरकारी सस्था महासंघ तथा मानव अधिकारको क्षेत्रमा क्रियाशील संघ सस्थाहरुसँग प्रत्यक्ष तथा जुम प्रविधिमार्फत २६ वटा भन्दा बढी छलफल तथा सुझाव सङ्कलन कार्यक्रमहरुको आयोजना गरिएको ।
- आ.व. २०७८/७९ को बजेटका सम्बन्धमा आयोगको केन्द्रीय, प्रदेश तथा प्रदेश शाखा कार्यालयहरु एवम् महाशाखाहरुसँग छलफल गरी बजेट निर्माण कार्य गरेको ।
- आ.व. २०७८/७९ को बजेटका सम्बन्धमा राष्ट्रिय योजना आयोग तथा अर्थ मन्त्रालयसँग छलफल गरी LMBIS इन्ट्री को कार्य सम्पन्न गरेको ।
- छैठौं रणनीतिक योजनाका सम्बन्धमा आयोगको केन्द्रीय, प्रदेश तथा प्रदेश शाखा कार्यालयहरुसँग भौतिक रुपमा तथा जुम मार्फत छलफल गरिएको ।
- छैठौं रणनीतिक योजना लेखनसम्बन्धी कार्य गरेको ।
- छैठौं रणनीतिक योजना लेखन कार्यदलले तयार गरेको कार्ययोजना माथि आयोगका मा.अध्यक्ष, मा. सदस्यहरु, का.मु.सचिव, सहसचिव एवम् योजना नीति तथा आन्तरिक मूल्याङ्कन महाशाखाका कर्मचारीको सहभागितामा उच्चस्तरीय छलफल कार्यक्रमको आयोजना गरेको ।

## ९.६ सामूहिक अधिकारसम्बन्धी कार्यहरू :

- आयोगको छैठौं रणनीतिक योजना तर्जुमाको क्रममा जेष्ठ नागरिकहरुको मानव अधिकार सुनिश्चितताका सम्बन्धमा सरकारी, गैरसरकारी निकायका प्रमुख र विज्ञहरुसँग सुझाव सङ्कलन सम्बन्धी कार्यक्रम सम्पन्न गरेको ।
- राष्ट्रिय अपाङ्ग महासंघसँगको समन्वयमा कोरोना महामारीको सङ्कटमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको अवस्था र दिगो विकासका लक्ष्यहरुका विषयमा सरकारी गैरसरकारी निकायहरुको सहभागितामा भर्चुअल अन्तरक्रिया/छलफल सम्पन्न गरेको ।
- मानव अधिकार जर्नल संवाहक १८ औं अङ्क प्रकाशन गरेको ।

- नेपालको वातावरणीय अवस्थाको सङ्क्षिप्त रिपोर्ट तयार गरेको ।
- Tribhuvan University Faculty of Law Environmental Law Committee, Supreme Court Bar Association, Pro-Public Nepal सँगको सहकार्यमा "Preservation, Protection and Improvement of the environment: Prerequisite for the benefit of present and future generations" विषयमा भर्चुअल अन्तर्राष्ट्रिय वेभिनार कार्यक्रम सम्पन्न गरेको ।
- चुरे क्षेत्रका बासिन्दाको मानव अधिकार अवस्था अध्ययन अनुसन्धान गर्न concept note तयार गरेको ।
- क्रसर उद्योगको अवस्था अध्ययन/अनुगमनका सम्बन्धमा चेक लिष्ट तयार गरेको ।

## ९.७ कानूनसम्बन्धी कार्यहरू :

- कानून पुनरावलोकन सम्बन्धी कार्य गरेको,
- आयोगलाई विपक्षी बनाई दायर भएका मुद्दामामिलाका सम्बन्धमा आवश्यक कार्य गरेको,
- कानूनी राय प्रदान गरेको ।

## ९.८ बैठक समन्वयसम्बन्धी कार्यहरू :

- माननीय अध्यक्षज्यूसँग भेटघाटको लागि समय व्यवस्थापन गरेको ।
- माननीय अध्यक्षज्यू तथा माननीय सदस्यज्यूहरुको बैठकका लागि समन्वयको कार्य गरेको ।

**माननीय अध्यक्षज्यूको सचिवालयका कार्यहरु**

- कोशिस नेपालका प्रतिनिधिसँग मानसिक स्वास्थ्यको विषयमा बैठक सम्पन्न भएको ।
- छैठौं रणनीतिक योजनाको अन्तिम मस्यौदाका सम्बन्धमा आयोगका पदाधिकारीहरु र प्रतिनिधि सभा, कानून न्याय तथा मानव अधिकार समितिका सांसदहरूसँग छलफल सम्पन्न भएको ।
- राष्ट्रिय मानव अधिकार आयोग र अन्य संवैधानिक आयोगका पदाधिकारीहरू र सचिवसँग कोभिड १९ र मानव अधिकार अनुगमनका विषयमा भर्चुअल कार्यक्रममा सहभागी भएको ।
- राष्ट्रिय मानव अधिकार आयोग, Faculty of Law, TU, Environmental Law Committee, Supreme Court Bar Association / Pro-Public Nepal को सहकार्यमा विश्व वातावरण दिवसको सन्दर्भमा ४ जुन २०२१ मा Preservation, Protection and Improvement of the environment: a Prerequisite for the benefit of present and future generations विषयमा आयोजित भर्चुअल सेमिनारमा सहभागी भएको ।
- स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका पदाधिकारीहरूसँग कोभिड विरुद्धको खोपमा जनताको पहुँच विषयक छलफल कार्यक्रम सम्पन्न भएको ।
- मानव अधिकार परिषद्द्वारा आयोजित Ganhri Annual meeting मा २०७८/०३/१७ गते उपस्थित भई माननीय अध्यक्षज्यूले मन्तव्य व्यक्त गर्नुभएको ।
- आयोगको छैठौं रणनीतिक योजनाका सम्बन्धमा आयोगका पदाधिकारीहरु र कर्मचारीहरुबीच छलफल कार्यक्रम सम्पन्न भएको ।
- यूपिआरको ४७ औं सभामा आयोगका माननीय अध्यक्षज्यू तथा माननीय सदस्यज्यूहरु उपस्थित हुनुभएको ।

## ९.९ प्रशासनिक कार्यहरू :

- कर्मचारीहरुको हाजिरी तथा विदाको रेकर्डहरु लगायतका व्यक्तिगत विवरण नियमित रुपमा अद्यावधिक गरेको ।
- कार्यालयका भौतिक सामग्रीहरुको मर्मतसम्बन्धी कार्य गरेको ।
- आयोगबाट प्रकाशन हुने विभिन्न छपाईसम्बन्धी कार्य गरिएको ।
- कार्यालयको लागि आवश्यक सामग्री खरिदसम्बन्धी कार्य गरेको ।
- कार्यालयको सरसफाईसँग सम्बन्धित कार्यहरु गरेको ।
- कर्मचारीहरुका लागि आवश्यक खानेपानीको बन्दोवस्त गरेको ।
- कोरोनासँग सम्बन्धित सुरक्षात्मक कार्यहरु गरेको ।
- कार्यालयका सवारी साधनहरुको मर्मत सम्भार सम्बन्धी कार्य गरेको ।
- आयोगमा मानव अधिकारका विभिन्न सवालहरुमा उजुरी दिन  र ज्ञापनपत्र बुझाउन आउने व्यक्ति तथा समूहको सुरक्षा व्यवस्थापनका साथै कार्यालय सरसफाईसँग सम्बन्धित कार्यहरु गरेको ।
- आयोगका प्रकाशनहरुको प्राप्ति र वितरणको रेकर्ड अद्यावधि गरिएको ।
- आयोगको लागि फर्निचरहरु खरिद गरिएको ।
- जिन्सी सामानहरुको खरिद, दाखिला तथा निकासा लगायतका कार्यको अभिलेखीकरण गरेको ।
- आयोगको लागि भवनको खोजी कार्यलाई निरन्तर जारी राखेको ।
- विभिन्न कार्यका लागि कर्मचारी मनोनयनसम्बन्धी कार्यहरु गरेको ।

## ९.१० सञ्चार, सूचना प्रविधि, प्रतिवेदन, प्राज्ञिक अनुसन्धान तथा प्रकाशनसम्बन्धी कार्यहरू :

### प्रेस विज्ञप्ति/प्रेस नोट

| | विज्ञप्तिको शीर्षक | मिति | |
|---|---|---|---|
| १ | बालबालिकाको स्वास्थ्यको अधिकारप्रति संवेदनशील बन्न आग्रह । | **प्रेस विज्ञप्ति**<br>५ वैशाख, २०७८ | बाल अधिकार |
| २ | कोभिड-१९ सङ्कट व्यवस्थापन सम्बन्धमा आयोगद्वारा नेपाल सरकारको ध्यानाकर्षण<br>आयोगका सदस्यहरु सहितको उच्चस्तरीय टोली र उपप्रधानमन्त्रीबीच छलफल | **प्रेस नोट**<br>१५ वैशाख, २०७८ | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार/स्वास्थ्यको अधिकार |

| | | | |
|---|---|---|---|
| | | | |
| ३ | नागरिकको स्वास्थ्य उपचार एवम् मानव अधिकारको समग्र अवस्था सम्बन्धमा अनुगमन<br><br>कोभिड-१९ महामारीमा नागरिकको मानव अधिकार संरक्षण गर्न आयोगद्वारा नेपाल सरकारको ध्यानाकर्षण | **प्रेस विज्ञप्ति**<br>२४ वैशाख, २०७८ | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार/स्वास्थ्यको अधिकार |
| ४ | आमनागरिकको स्वास्थ्यसम्बन्धी हकका साथै बाँच्न पाउने अधिकारको सुनिश्चित गर । | **प्रेस विज्ञप्ति**<br>३१ वैशाख, २०७८ | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार/ नागरिक तथा राजनीतिक अधिकार |
| ५ | नवलपरासीमा प्रहरीको गोली लागी युवकको मृत्यु भएको भनिएको घटनाको आयोगद्वारा अनुगमन | **प्रेस विज्ञप्ति**<br>६ जेठ, २०७८ | नागरिक तथा राजनीतिक अधिकार |
| ६ | स्वास्थ्यकर्मीहरुमाथि भएको कुटपीट तथा तोडफोडको घटनाप्रति आयोगको गम्भीर ध्यानाकर्षण ।<br><br>दोषीलाई कानूनी दायरामा ल्याउ । | **प्रेस विज्ञप्ति**<br>१४ जेठ, २०७८ | नागरिक तथा राजनीतिक अधिकार/आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार |
| ७ | कोभिड-१९ को महामारीको अवस्थामा आम नागरिकको स्वास्थ्य उपचार एवम् मानव अधिकारको संरक्षण गर्न आग्रह । | **प्रेस विज्ञप्ति**<br>१७ जेठ, २०७८ | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार |
| ८ | *सन्दर्भ : छुवाछूतमुक्त राष्ट्र घोषणाको १५ वर्ष*<br><br>दलितहरुको न्याय र समानताको अधिकार सुनिश्चित गर्न आग्रह । | **प्रेस विज्ञप्ति**<br>२१ जेठ, २०७८ | जातीय छुवाछूत तथा भेदभाव विरुद्धको अधिकार |

| | | | |
|---|---|---|---|
| ९ | *सन्दर्भ : विश्व वातावरण दिवस (जुन ५)*<br><br>स्वच्छ वातावरणको हक सुनिश्चित गर्न आग्रह । | **प्रेस विज्ञप्ति**<br>२२ जेठ, २०७८ | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार/स्वच्छ वातावरणको अधिकार |
| १० | मदिरा सेवन गराई राउटे समुदायका युवतीलाई यौन दुर्व्यवहार गरेको भनिएको घटनाको आयोगद्वारा अनुगमन<br><br>प्रभावकारी अनुसन्धानमार्फत दोषीलाई कानूनी दायरामा ल्याउन आग्रह । | **प्रेस विज्ञप्ति**<br>२३ जेठ, २०७८ | महिलामाथि हुने सबै किसिमका भेदभाव विरुद्धको अधिकार/अल्पसङ्ख्यकको अधिकार |
| ११ | स्वास्थ्य परीक्षणको दायरा बढाउन आग्रह<br><br>कोभिड-१९ विरुद्धको खोपमा लक्षित वर्गको पहुँच सुनिश्चित गर्न नेपाल सरकारलाई आयोगको पत्राचार । | **प्रेस विज्ञप्ति**<br>३१ जेठ, २०७८ | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार/स्वास्थ्यको अधिकार |
| १२ | बाढी, पहिरो, डुबान पीडितहरुको उद्धार, राहत, स्वास्थ्योपचार तथा बसोबासको व्यवस्था मिलाउन आग्रह । | **प्रेस विज्ञप्ति**<br>४ असार, २०७८ | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार |
| १३ | *सन्दर्भ : यातना पीडितहरुको सहयोगसम्बन्धी अन्तर्राष्ट्रिय दिवस (२६ जुन)*<br><br>यातना विरुद्धको अधिकार सुनिश्चित गर्न आग्रह । | **प्रेस विज्ञप्ति**<br>१२ असार, २०७८ | नागरिक तथा राजनीतिक अधिकार/यातना विरुद्धको अधिकार |
| १४ | आयोगद्वारा स्वास्थ्य मन्त्रालयका पदाधिकारीहरुसँग छलफल । | **प्रेस नोट**<br>१४ असार, २०७८ | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार/स्वास्थ्यको अधिकार |
| १५ | जातीय विभेदसम्बन्धी घटनाका पीडितको अधिकार सुनिश्चित गर्न आग्रह ।<br><br>आयोगका पदाधिकारी र मन्त्री कृष्णगोपाल श्रेष्ठबीच आयोगमा छलफल | **प्रेस विज्ञप्ति**<br>१६ असार, २०७८ | जातीय विभेद विरुद्धको अधिकार |

- मानव अधिकार पत्र (चैत-वैशाख अङ्क) प्रकाशन गरेको । साथै, (जेठ-असार अङ्क) प्रकाशनको लागि समाचारहरु तयार गरिरहेको ।
- मानव अधिकार जर्नल सम्वाहक १८औँ अङ्क प्रकाशनको क्रममा भाषा सम्पादन तथा आवश्यक कार्य गरिएको ।
- आयोगको केन्द्रीय कार्यालयबाट मानव अधिकारका विभिन्न विषयमा १५ वटा प्रेस विज्ञप्ति तथा नोटहरु जारी भएको ।
